# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
## SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त प्रदेश नं. १ स्तरीय "घ" वर्गको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, इटहरी –०४, सुनसरी फोन नं. ०२५–५८८१७७,१७८**

website : www.supportmicrofinance.com.np/ E-mail.smicrofinance7@gmail.com

## Unaudited Financial Results (Quarterly)

**As at First Quarter (31/06/2078) of the Fiscal Year 2078/79**

NPR. In '000

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1274058.39** | **1124461.99** | **1125972.15** |
| 1.1 | Paid-up Capital | 66000.00 | 66000.00 | 66000.00 |
| 1.2 | Reserves and Surplus | 53693.13 | 50286.76 | 26654.05 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 854958.11 | 761553.28 | 774748.87 |
| 1.5 | **Deposits (a+b)** | 210328.91 | 199993.97 | 192249.62 |
| | a. Domestic Currency | 210328.91 | 199993.97 | 192249.62 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 89078.24 | 46627.98 | 66319.62 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1274058.39** | **1124461.99** | **1125972.15** |
| 2.1 | Cash & Bank Balance | 18423.65 | 25054.83 | 5929.58 |
| 2.2 | Money at call and short Notice | 104801.60 | 64062.19 | 102009.22 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 1072408.88 | 1002616.92 | 960743.71 |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan uptoRs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 1072408.88 | 1002616.92 | 960743.71 |
| 2.5 | Fixed Assets | 9239.87 | 6324.45 | 5060.74 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 68184.39 | 25403.60 | 51228.89 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 34057.04 | 145758.86 | 34815.23 |
| 3.2 | Interest Expense | 16863.20 | 58574.66 | 16920.14 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **17193.84** | **87184.20** | **17895.09** |
| 3.3 | Fees Commission and Discount | 130.58 | 301.17 | |
| 3.4 | Other Operating Income | 3682.67 | 15337.25 | 5365.36 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **21007.09** | **102822.63** | **23260.45** |
| 3.6 | Staff Expenses | 11213.99 | 35474.88 | 8665.88 |
| 3.7 | Other Operating Expenses | 2572.81 | 15518.88 | 4209.45 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **7220.28** | **51828.87** | **10385.12** |
| 3.8 | Provision for Possible Loss | 5034.57 | 2939.98 | 3111.20 |
| **D** | **Operating profit (C-3.8)** | **2185.71** | **48888.88** | **7273.92** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | -948.86 | |
| 3.10 | Write Back of Provision for Possible Loss | | 4045.43 | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **2185.71** | **51985.45** | **7273.92** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **2185.71** | **51985.45** | **7273.92** |
| 3.12 | Provision For Staff Bonus | 218.57 | 5198.54 | 727.39 |
| 3.13 | Provision For Tax | 590.14 | 14479.38 | 1963.96 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **1377.00** | **32307.52** | **4582.57** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.16% | 10.33% | 9.33% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 3.88% | 4.48% | 2.36% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 42.29% | 28.02% | 54.25% |
| 4.4 | Cost of Funds | 6.09% | 6.40% | 7.43% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 509.87% | 501.32% | 499.74% |

**Interest Rate**

| | |
|---|---|
| **1. Deposit 2% to 10%** | **2. Loan & Advance 15% to 15%** |

Note: Above position & performances are subject to change if instructed by statutory auditor and regulatory authority.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४**
**(नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७८/७९ को प्रथम त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. ८.३५ | मूल्य आम्दानी अनुपात | ३२३.५३ |
| प्रति शेयर नेटवर्थ | रु. १८१.३५ | तरलता अनुपात | ११.५७% |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. १९३०.३९ | | | |

**२. व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** विश्वव्यापी रुपमा फैलिएको कोरोना (COVID-19) भाइरसको कारणले अर्थ व्यवस्थामा परेको प्रतिकुल प्रभावका बावजुत पनि यस वित्तीय संस्थाको कारोबार सन्तोषजनक रहेको छ । कोरोना (COVID-19) भाइरसको कारण विगतमा लामो समय भएको लकडाउनका कारण कतिपय ऋणी वा परिवारका सदस्यहरुको व्यवसायको पुनःउत्थान हुन नसकेको तथा आर्थिक गतिविधी प्रभावकारी रुपमा अघि बढन नसकेकोले वित्तीय संस्थाको मौज्दात तथा आम्दानीमा असर परेको छ । हाल वित्तीय क्षेत्रमा तरलता अभाव देखिएता पनि उपलब्ध स्रोत साधनको उचित रुपमा प्रयोग गर्दै तरलता अभाव हुन नदिएको र आफ्ना ग्राहक सदस्यहरुको आवश्यकता पुरा गर्न संस्था सक्षम रहेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** सुनसरी जिल्लाको ईटहरी उप-महानगर पालिका वडा नं. ४ मा केन्द्रीय कार्यालय रहेको, प्रादेशिक स्तरको यस वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र प्रदेश नं. १ मा रहेका ८ वटा जिल्लाहरु लघुवित्त कार्यक्रम सञ्चालन गरी विपन्न वर्गका ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान सिकाउदै गुणस्तरीय रुपमा विपन्नवर्ग माझ वित्तीय पंहुच पुऱ्याउदै आईरहेको छ । संस्थाले नियामक निकायको निर्देशनको अधिनमा रही ग्राहकको भावना अनुरुप बचत, कर्जा र अन्य सुविधाहरुमा समेत समय सापेक्ष रुपमा परिमार्जन गर्दै निकट भविष्यमा आफ्नो कार्यक्षेत्र प्रदेश नं. १ का बाँकी जिल्लाहरु समेट्दै दुर दराजमा समेत कार्यक्रम विस्तार गरी वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेकोछ । हाल पुरै बैंकिङ्ग क्षेत्र नै तरलता अभावमा जुधिरहेकोले संस्थाले लिएको सापटीको व्याज खर्च बढ्न थालेकोले व्याजदर अन्तरमा कमी आई आम्दानीमा प्रभाव पर्ने देखिन्छ, साथै हाले आएको बैमोसमी बाढीका कारण ग्राहक सदस्यको मुख्य तया धानबालीलाई ठुलो क्षति पुचाएको कारण ग्राहक सदस्यलाई ठुलो नोक्सानी भएकोले आगामी दिनमा नियमित किस्ता असुलीमा प्रभाव पर्ने देखिए पनि संस्थाले लिएको रणनितिका कारण आगामी अवधिमा सबल एवम सक्षम संस्थाको रुपमा आफुलाई स्थापित गर्नेमा व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** कोरोना (COVID-19) भाइरसको प्रभाव विस्तारै कम हुँदै गएकाले संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा लक्ष्य अनुरुप प्रगती हासिल गर्नेमा व्यवस्थापन विश्वस्त रहेको छ । समिक्षा अवधिमा बैंकिङ्ग क्षेत्रमा देखिएको तरलता अभाव र सोको कारण उतारचढाव भईरहेको व्याजदर, लघुवित्त संस्थामा देखिएको कर्जाको दोहोरोपना आदीले असर गर्ने, साथै लघुवित्त संस्थाहरुमा रहेको अस्वस्थ प्रतिस्पर्धाका कारण चुनौतीहरु वृद्धी हुने कम यथावत रहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन ।

ख) यस त्रैमासिक अवधिमा वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा वित्तीय संस्था तटस्थ रहेको छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने आधारभुत सूचनाहरु प्रचलित ऐन नियमको परिधीभित्र रही प्रवाहित गर्ने गरेको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिको शेयरको कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| | | |
|---|---|---|
| **शेयरको अधिकतम मुल्य** रु. २९०० | **शेयरको न्यूनतम मुल्य** रु. २१३५ | **कारोबार संख्या** २१७१ |
| **शेयरको अन्तिम मुल्य** रु. २७०० | **कारोबार भएको दिन** ५७ | |

**५. समस्या तथा चुनौती :** संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र वाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण ।

**आन्तरिक :** क) दक्ष जनशक्तिको कमि । ख) सिमित वित्तीय स्रोत, साधन ।
ग) बढ्दो सञ्चालन लागत र घट्दो खुद व्याजदर अन्तर ।

**बाह्य :** क) नियामक निकायको निति तथा नियममा आउन सक्ने परिवर्तनहरु ।
ख) तरलतामा हुने उतार, चढाव । ग) कर्जाको दोहोरोपना तथा लघुवित्त संस्थाहरु बिच अस्वस्थ प्रतिस्पर्धा । घ) ग्राहक सदस्य र ऋणीहरुमा वित्तीय साक्षरता र अनुपालनाको कमी ।

**रणनिती :**

क) कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि समय समयमा आन्तरीक रुपमा तथा वाह्य रुपमा तालिम, गोष्ठि सञ्चालन गरी सहभागिता गराउने ।

ख) लगानीमा विविधीकरण गर्दै जोखिम कम गरी विपन्न वर्गका ग्राहकहरुमा वित्तीय सेवा विस्तार गर्ने ।

ग) व्यवसयिक दिगोपनामा सुधार गर्दै प्रतिस्पर्धी क्षमता वढाउने ।

घ) वित्तीय जोखिम व्यवस्थापनका लागि शुक्ष्म रुपमा विश्लेषण गरी विवेकशिल जोखिम व्यवस्थापन नितिलाई अंगिकार गर्दै जाने ।

**६. संस्थागत सुशासन :**नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३ (संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ । वित्तीय संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियामवली र अन्य आन्तरिक नीति निर्देशिकाहरु, आन्तरिक लेखापरिक्षण निर्देशिका, सूचना प्रणाली नीति, सम्पति शुद्धीकरण अनुगमन निर्देशिका तयार गरी लागु गरिएको छ । त्यसैगरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समितिर सम्पति शुद्धीकरण अनुगमन समिती गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बूझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानी कर्ताहरुलाई सु-सूचित हुन निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।